संघीय संसद

# राष्ट्रिय सभा

## विधायन व्यवस्थापन समिति

मितिः- २०७५ असोज १६गते मंगलबार
बैठक संख्याः- २८
समयः- दिनको ३:०० बजे

छलफल

आजको बैठकमा ऐन कार्यान्वयन मापन र अध्ययन अनुसन्धान सम्बन्धमा समितिका माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो ।

निर्णयः

- स्थानीय विधायिकी व्यवस्थापन सम्बन्धमा छलफल गर्नका लागि आगामी बैठकमा गाउँपालिका महासंघ तथा नगरपालिका महासंघबाट दुई-दुईजना प्रतिनिधिलाई आमन्त्रण गर्ने ।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल कानून आयोगलाई हाल विद्यमान सम्पूर्ण ऐनहरुको सूची तथा सात वटै प्रदेश सभा सचिवालयलाई हाल सम्म तहाँबाट निर्मित ऐनहरुको सूची सहित संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको साझा सूची संग सम्बन्धित कुनै एउटा कानुनको प्रति उपलब्ध गराउन पत्राचार गर्ने ।

तदनन्तर समितिको आगामी बैठक स्थानिय विधायिकी व्यवस्थापन सम्बन्धमा छलफल गर्नका लागि २०७५ साल असोज १८ गते बिहीबार १:०० बजे बस्ने गरी स्थगित भयो।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ
सभापति